July 28th, 2024

Sunday

National News

प्रमुख समाचार:-

1. पेरिस ओलम्पिकमा भारतको नाममा पहिलो पदक प्राप्त, महिला शूटर मनु भाकर महिला १० मिटर एयर राइफलमा कास्य पदक जितेर इतिहास रच्न सफल
2. देशलाई लागुऔषध मुक्त गर्न प्रधानमन्त्री श्री नरेन्द्र मोदीको जनतालाई आग्रह
3. दिल्लीको एक कोचिङ इन्स्टिच्युटको भुइँतल्लामा पानी भरिंदा तीन विद्यार्थीको मृत्यु, इन्स्टिच्युटका मालिक पक्राउ
4. विदेश मन्त्री डा. सुब्रह्मण्यम जयशंकर क्वाड विदेश मन्त्रीहरूको बैठकमा सहभागी हुन पुग्नुभयो टोकियो
5. महिला एसिया कप T20 क्रिकेटको फाइनलमा भारतीय टोली श्रीलंकासँग आठ विकेटले पराजित

1. Olympic

पेरिस ओलम्पिकको दोस्रो दिन भारतीय महिला शूटर मनु भाकरले महिला १० मिटर एयर राइफलमा कास्य पदक जितेर इतिहास रचेकी छिन् । मनु भाकेर भारतका लागि सुटिङमा पदक जित्ने पहिलो महिला खेलाडी बनेकी छन् । उनले १० मिटर एयर पिस्टल प्रतियोगितामा २२१.७ अंकका साथ कास्य पदक जितिन्। भारतले १२ वर्षपछि सुटिङमा पदक पाएको छ । यसअघि रमिता जिन्दल महिला १० मिटर एयर राइफलको फाइनलमा पुगेकी थिइन् । महिला आर्चरीमा दीपिका कुमारी, अंकिता भकट र भजन कौरले आज क्वाटरफाइनलमा प्रतिस्पर्धा गर्नेछ। ब्याडमिन्टनमा दुई पटकको ओलम्पिक पदक विजेता पिभी सिन्धुले पहिलो चरणमा फातिमालाई पराजित गरिन्। पुरुष एकलमा एचएस प्रणयले आज समूह चरणमा जर्मनीका फाबियन रोथसँग खेल्नेछन्। भारतका बलराज पञ्जवार पुरुष एकल स्कल्स रोइङ प्रतियोगिताको क्वाटरफाइनलमा प्रवेश गरेका छन्। बक्सर निखत जरीनले पनि आज महिला ५० केजी तौल समूहमा आफ्नो अभियान सुरु गर्नेछिन् ।

## 2. Prez, VP, PM – Manu Bhaker

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु, उपराष्ट्रपति श्री जगदीप धनकर र प्रधानमन्त्री श्री नरेन्द्र मोदीले पेरिस ओलम्पिक २०२४ मा १० मिटर एयर पिस्टल इभेन्टमा कास्य पदक जितेर भारतको पदक तालिकाको सुभारम्भ  गरेकोमा मनु भाकरलाई बधाई दिनुभएको छ।

## 3. PM Mann Ki Baat

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले देशमा लागुऔषध दुरुपयोगको बारेमा चिन्ता व्यक्त गर्दै यस विरुद्ध लड्न सरकारले प्रभावकारी कदम चालेको बताउनुभएको छ। आज बिहान आकाशवाणीमा मन की बात कार्यक्रमको 112 औं श्रृंखलामा राष्ट्रलाई सम्बोधन गर्दै, प्रधानमन्त्री श्री मोदीले सरकारले लागूपदार्थको दुरुपयोग विरुद्धको लडाईमा मानस नामक विशेष पहल गरेको बताउनुभयो। उहाँले मानसको हेल्पलाइन र पोर्टल हालै सुरु भएको र टोल फ्री नम्बर-१९३३ जारी गरिएको बताउनुभयो।  उहाँले मानस हेल्पलाइनको पूर्ण उपयोग गरी भारतलाई 'लागूऔषधमुक्त' बनाउने अभियानमा लाग्न आग्रह गर्नुभयो । प्रधानमन्त्री श्री नरेन्द्र मोदीले असमको चराइदेव मोइदमलाई युनेस्कोको विश्व सम्पदा स्थलहरूमा समावेश गरिनु गर्वको विषय भएको बताउनुभयो  । आकाशवाणी रेडियोमा मन की बात कार्यक्रममा राष्ट्रका नाममा सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो । प्रधानमन्त्रीले अहिले पेरिस ओलम्पिक विश्वभर चर्चामा रहेको उल्लेख गर्दै ओलम्पिकले हाम्रा खेलाडीहरूलाई विश्व मञ्चमा तिरङ्गा फहराउने अवसर दिने बताउनुभयो। उहाँले खेलाडीहरूको हौसला बढाउन पनि आग्रह गर्नुभयो। यससँगै उहाँले अन्तर्राष्ट्रिय म्याथमेटिक्स ओलम्पियाडमा उत्कृष्ट प्रदर्शन गरेकोमा भारतका विद्यार्थीको प्रशंसा गर्नुभयो । मन की बात कार्यक्रममा प्रधानमन्त्रीले भोलि विश्वभर मनाइने अन्तर्राष्ट्रिय बाघ दिवसको चर्चा गर्दै बाघ भारतीय संस्कृतिको अभिन्न अंग भएको र जंगल वरपरका गाउँलेहरू बाघसँग मेलमिलापमा बस्न जानेको बताउनुभयो  । श्री मोदीले उत्तर प्रदेशको पिलीभीतमा चलिरहेको 'बाघ मैत्री कार्यक्रम' को पनि उल्लेख गर्नुभयो। अगस्त १५ नजिकिँदै गर्दा 'हर घर तिरंगा अभियान'मा सहभागी हुन पनि प्रधानमन्त्रीले जनतालाई आग्रह गर्नुभएको छ। उहाँले मानिसहरूलाई 'hargarhtiranga.com' मा तिरंगासहितको सेल्फी अपलोड गर्न प्रोत्साहित गर्नुभयो ।

## 4. Delhi – Students - Death

दिल्लीको ओल्ड राजेन्द्र नगर इलाकामा रहेको कोचिङ इन्स्टिच्युटको भुइँतल्लामा पानी भरिंदा तीन विद्यार्थीको मृत्यु भएको घटनामा दिल्ली प्रहरीले कोचिङ इन्स्टिच्युटका मालिक र संयोजकलाई पक्राउ गरेको छ। दुर्घटनामा दुई छात्रा र एक छात्रको मृत्यु भएको जानकारी प्राप्त भएको छ। दिल्लीका उपराज्यपाल श्री वीके सक्सेनाले कोचिङ सेन्टरको भुइँ तल्लामा पानी जमेर सिभिल सेवाका तीन जना उम्मेद्वारको मृत्यु भएको र केही दिन अघि पानी जमेको कारण विद्युत करेन्ट लागेर अर्को एक विद्यार्थीको मृत्यु भएकोमा शोक व्यक्त गर्नुभएको छ। एक सामाजिक सञ्जाल पोस्टमा, उपराज्यपालले राष्ट्रिय राजधानीमा यस्ता घटनाहरू हुनुलाई अस्वीकार्य र दुर्भाग्यपूर्ण रूपमा वर्णन गर्नुभएको छ। उहाँले यस दुर्घटनाका सबै पक्ष समेटेर मंगलबारसम्म प्रतिवेदन बुझाउन विभागीय आयुक्तलाई निर्देशन दिनुभएको छ।

## 5. Jaishankar – Quad - Tokyo

विदेशमन्त्री डा सुब्रमण्यम जयशंकर जापानको दुई दिने भ्रमणका लागि आज टोकियो पुग्नुभएको छ । भोलि हुन गइरहेको क्वाड विदेशमन्त्रीहरुको बैठकमा सहभागी हुन डाक्टर जयशंकर त्यहाँ पुग्नुभएको हो। बैठकमा भारत, जापान, अमेरिका र अष्ट्रेलियाका विदेशमन्त्रीहरुले गत वर्ष सेप्टेम्बरमा न्यूयोर्कमा भएको बैठकको छलफललाई अगाडि बढाउनेछन् । यसमा हिन्द-प्रशान्त क्षेत्रको विकासका बारेमा विचार आदानप्रदान हुनेछ र क्वाडका पहलहरू र कार्य समूहको प्रगति समीक्षा हुनेछ।

## 6. Jaishankar - Blinken

यसैबीच विदेशमन्त्रीले आज अमेरिकी विदेशमन्त्री श्री एन्टोनी ब्लिन्केनसँग भेटवार्ता गर्नुभएको छ। उहाँहरुबीच क्षेत्रीय र विश्वव्यापी मुद्दामा व्यापक छलफल भएको थियो । डा. जयशंकरले सामाजिक सञ्जाल पोस्टमा भारत र अमेरिका द्विपक्षीय एजेन्डा निरन्तर अगाडि बढिरहेको बताउनुभएको छ।

## 7. Education - NEP

शिक्षा मन्त्रालयले राष्ट्रिय शिक्षा नीति २०२० (NEP 2020) को कार्यान्वयनको चौथो वार्षिकोत्सवको अवसरमा अखिल भारतीय शिक्षा समागम 2024 भोलि नयाँ दिल्लीको मानेकशा केन्द्र प्रेक्षागृहमा मनाउनेछ। यस अवसरमा केन्द्रीय शिक्षा मन्त्री श्री धर्मेन्द्र प्रधानले NEP 2020 को कार्यान्वयनको अगुवाइमा आफ्नो अनुभव साझा गर्नु हुनेछ। विभिन्न भारतीय भाषाहरू सिक्ने सुविधाका लागि समर्पित टिभि च्यानलहरू सहित शिक्षा विभागका धेरै महत्त्वपूर्ण पहलहरूको पनि उद्घाटन गरिनेछ। श्री प्रधानले विद्यार्थी र शिक्षकहरू बीच भारतीय ज्ञान प्रणालीलाई प्रवर्द्धन गर्ने उद्देश्यले धेरै पुस्तकहरू र व्याख्यान नोटहरू पनि अनावरण गर्नु हुनेछ।

## 8. Asia Cup Cricket

दाम्बुलामा आज भएको फाइनलमा भारतलाई ८ विकेटले हराउँदै श्रीलंकाले पहिलोपटक महिला टी–२० एसिया कपको उपाधि जितेको छ । भारतले दिएको १६६ रनको लक्ष्य पछ्याएको आयोजकले कप्तान चमारी अथापथु, हर्षिता समरविक्रम र कविशा दिल्हारीको कप्तानीमा विजयी जस्तै प्रदर्शन गरेको थियो । यसअघि टस जितेर पहिले ब्याटिङ गरेको भारतले २० ओभरमा ६ विकेट गुमाएर १६५ रन बनाएको थियो। हर्षिता मडावी प्लेयर अफ द म्याच र श्रीलंकाका कप्तान चामारी अथापथु प्लेयर अफ दि सिरिज घोषित भए।